# प्राङ्गारिक तथा जीवाणु मल अनलाईन आवेदन तथा व्यवस्थापन सफ्टवेयर सञ्चालन सम्बन्धी उत्पादक तथा आयातकर्तालाई सूचना

"प्राङ्गारिक तथा जीवाणु मल अनलाईन आवेदन तथा व्यवस्थापन सफ्टवेयर" प्राङ्गारिक तथा जीवाणु मलको सूचीकरण तथा पैठारीमा व्यवस्थापनको काम गर्ने गरि कृषि विभागद्वारा निर्मित प्रणाली हो । यस प्रणाली अन्तर्गत स्वदेशी उत्पादकले मल सूचीकरण तथा आयातकर्ताले पैठारीको लागि निवेदन र आवश्यक कागजातहरु अनलाईन पेश गर्न सक्नुहुनेछ ।

यस प्रणाली प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ बमोजिम बनाईएको छ ।

यो प्रणाली अन्तर्गत निम्न तीन स्तरमा मल सूचीकरण तथा पैठारीको लागि निवेदन पेश गर्न सक्नुहुनेछ ।

१. स्थानीय तहमा गोठे तथा प्राङ्गारिक मल (वार्षिक उत्पादन ५०० टन भन्दा कम) सूचीकरण
२. प्रदेश मन्त्रालय अन्तर्गत प्राङ्गारिक मल (वार्षिक उत्पादन ५०० टन वा सो भन्दा बढी) तथा जीवाणु मल सूचीकरण
३. कृषि विभाग अन्तर्गत प्राङ्गारिक तथा जीवाणु मल पैठारी गर्न अनुमति

यस प्रणालीमा निम्न चरणहरुबाट समाबेश हुन सकिनेछ ।

१. कुनै पनि Browser मा गएर **http://ofmis.gov.np/** टाईप गर्नुहोस अथवा कृषि विभागको website मा गएर **OFMIS login** मा Click गर्नुहोस ।
२. "रजिस्टर गर्नुहोस" मा Click गरेर आफ्नो विवरण सहित आफ्नो ID रजिस्टर गर्नुहोस ।
३. रजिस्टर गरिसकेपछि तपाईले आफ्नो आवश्यकता अनुसार सूचीकरण तथा पैठारीको लागि आवश्यक कागजात पेश गर्नुहोस ।
४. पेश भएको विवरण अनुसार सम्बन्धित निकायले आवश्यक प्रक्रिया पुरा गरेर प्रमाणपत्र जारी गरे पश्चात तपाईले आफ्नो सूचीकरण पत्र / पैठारी पत्र प्राप्त गर्न सक्नुहुनेछ ।

थप जानकारीको लागि कृषि विभाग, हरिहरभवन, ललितपुरमा सम्पर्क गर्न सकिनेछ ।

सम्पर्क व्यक्तिः सन्जना ठाकुर (बाग. वि. अ.)
सम्पर्क नं. : ९८४१४२४७५७
email : thakurdoa79@gmail.com

सफ्टवेयर सम्बन्धी थप जानकारी र केहि समस्या देखिएमा तपसिलको सम्पर्क व्यक्तिलाई सम्पर्क गर्न सकिनेछ।

सम्पर्क व्यक्तिः **किरण बमनू (कार्यक्रम प्रबन्धक)**
ड्रिमवर्क सोलुशन
सम्पर्क नं. : ९८५५०२४१५८
email : kiranbamanu@gmail.com
dws.com.np